# कृषि विकास निर्देशनालय

**पृष्ठभूमि**

नेपालको संविधानको धारा ३०२ (१) मा प्रदेश र स्थानीय तहमा सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको परिप्रेक्ष्य तथा कर्मचारी समायोजन ऐन २०७४ दफा ४ (१,२) मा संगठन तथा व्यवस्थाप सर्भेक्षण समिति गठन गर्ने व्यवस्था अनुरुप समिति गठन भई संविधानका अनुसूची ५,६,७,८ र ९ मा उल्लेख अधिकार सूचीको कार्यजिम्मेवारी विस्तृतीकरण गरी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगत कृषि विकास निर्देशनालयको संगठन संरचना नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०७५/३/२६ मा स्वीकृत भएको हो। प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम, आवश्यक्ता तथा औचित्यताका आधारमा कृषि विकास निर्देशनालयको कार्यविवरण देहाय बमोजिम हुन वाञ्छनिय देखिएको छ ।

**कार्यविवरण**

- प्रादेशिक कृषि सम्बन्धी नीति नियम तथा व्यवसायिक योजना तर्जुमा, कार्यान्वयन गर्ने तथा सोमा आवश्यक सहयोग गर्ने ।
- मातहत कार्यलयहरुको प्रभावकारी संचालनका लागि प्रशासनिक र प्राविधिक निर्देशन, अनुगमन, निरिक्षण, प्राविधिक पृष्ठपोषण गर्ने ।
- खाद्य सुरक्षाको अवस्थाको अनुगमन तथा विश्लेषण गरी प्रदेश सरकारलाई पृष्टपोषण गर्ने तथा खाद्यसुरक्षाको दृष्टिकोणले महत्वपूर्ण बालीको पहिचान गरी विकास एवं प्रवर्दन गर्ने ।
- पोष्टहार्भेष्ट व्यवस्थापन, बाली संरक्षण तथा व्यवसायिक कीट विकास, बजार तथा अन्य कृषि पूर्वाधार विकास, कृषि यान्त्रिकरण नीति तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- प्रदेशस्तरको कृषि सम्वन्धी तथ्यांक संकलन एवं अद्यावधिक गर्ने ।
- कृषि उत्पादन सामग्रीको आपूर्ति स्थितीको नियमित अनुगमन गर्ने तथा गुणस्तर नियन्त्रण गर्ने कार्यमा आवश्यक सहयोग गर्ने ।
- कृषि प्रसार कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।
- प्रदेशस्तरमा माटोको उर्वराशक्ति नक्सा तयार गरी सो को आधारमा माटो सुधार सम्वन्धि नीति, योजना तर्जुमा गर्ने ।
- प्रदेशमा संचालन हुने संघीय कृषि विकास कार्यक्रमको संयोजन र समन्वय गर्ने ।
- प्रदेश कृषि विकासमा संलग्न निकायहरुवीच समन्वय तथा सहकार्य गर्ने ।
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यको समन्वय गर्ने ।
- प्रदेशस्तरमा कृषि प्रसार, कृषि शिक्षा र कृषि अनुसन्धान सम्वध्द निकायहरुवीच कार्यमुलक सम्वन्ध स्थापित गराउने ।
- प्रदेश स्तरमा गुणस्तरीय श्रोत बीउ उत्पादन तथा व्यवस्थापनमा आवश्यक सहयोग गर्ने।
- कृषि क्षेत्रसँग सम्बन्धित ऐन, कानून, नीति तथा नियमले श्रृजना गरेका कानूनी दायित्वहरु निर्वाह गर्ने तथा सहयोग गर्ने ।
- प्रदेश स्तरमा कार्यरत कृषि जनशक्तिको क्षमता विकासका लागि नीति तथा योजना तर्जुमा गर्ने ।
- कृषि क्षेत्रको संघीय तथा प्रादेशिक नीति, मापदण्ड कार्यान्वयन तथा पृष्ठपोषण गर्ने ।



सचिव

Scanned by CamScanner